निर्वाचन आयोग , नेपाल
ELECTION COMMISION , NEPAL
# जिल्ला निर्वाचन कार्यालय
गुल्मी

च.नं. ३९
प.सं. ०८२/८३

मितिः- २०८२/०६/०९
ने.स. ११४५ कौलाथ्व चतुर्थी

विषयः मतदाता नामावली संकलन तथा अद्यावधिक सम्बन्धमा।

श्री जिल्लास्थित स्थानीय तहहरु सबै ,
गुल्मी ।

प्रस्तुत विषयमा २०८२ फागुण २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति घोषणा भएपछि स्थगित भएको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्य निर्वाचन आयोग,नेपालको निर्णय अनुसार मिति २०८२/०७/३० गतेसम्म पुनःसञ्चालन हुने व्यहोराको सूचना यसै पत्रसाथ पठाइएको छ।तहाँ पालिका र अन्तर्गतका वडा कार्यालयहरु तथा सार्वजनिक स्थलहरुमा सूचना टाँस गरी जानकारी जानकारी पठाइदिनुहुन अनुरोध छ।

२०८२/०६/०९
जिल्ला निर्वाचन अधिकारी



फोन नं. ०७९-५२०३७६ : फ्याक्स नं. ०७९-५२०३७६ : E-Mail : deo.gulmi@election.gov.np

निर्वाचन आयोग , नेपाल
ELECTION COMMISION , NEPAL
जिल्ला निर्वाचन कार्यालय
गुल्मी

च.नं.
प.सं. २०८२/८३

मितिः- २०८२/०६/०९
ने.स. ११४५ कौलाथ्व चतुर्थी

## मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा २०८२ फागुण २१ गते सम्पन्न हुने प्रतिनिधी सभा सदस्य निर्वाचनको मिति घोषणा भएपछि स्थगित भएको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्य निर्वाचन आयोग,नेपालको निर्णय अनुसार मिति २०८२/०७/३० गतेसम्म पुनःसञ्चालन हुने व्यहोरा जानकारी गराइन्छ। साथै छोटो समयमा मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य गर्न यस कार्यालयमा भिड हुने सम्भावना भएकोले मतदाता नामावली दर्ता गर्न आउदा आयोगको वेवसाइट www.election.gov.np मा प्रि-रजिष्ट्रेशन प्रणाली (applyvr.election.gov.np) बाट तल बताइएको प्रक्रिया बमोजिम आवेदन भरी प्राप्त हुने सबमिसन नम्बर लिएर यस कार्यालयमा सक्कलै नागरिकता सहित बायोमेट्रिकका लागि उपस्थित हुनुहुन सबैमा यो सूचना प्रकाशित गरिएको छ।

### मतदाता नामावलीमा नयाँ नाम दर्ता गर्ने प्रक्रिया :

- ✓ निर्वाचन आयोगको वेवसाइट www.elelction.gov.np मा जाने,
- ✓ मतदाता नामावलीमा आफ्नो नाम भए/नभएको यकिन गर्न मतदाता नामावली लेखेको ट्याबमा क्लिक गर्ने,
- ✓ मतदाता नामावलीमा आफ्नो नाम दर्ता नभएको यकिन भएपछि मतदाता नामावली प्रि-रजिष्ट्रेशन र अद्यावधिक (pre-enrollment ) ट्याबमा क्लिक गर्ने वा सिधै applyvr.election.gov.np मा जाने,
- ✓ नया दर्ता ट्याबमा क्लिक गर्ने,
- ✓ मोबाइल नं. राखी right arrow मा क्लिक गर्ने,
- ✓ मोबाइलमा otp code आउछ सो otp code सबमिट गरी अगाडि बढ्ने,
- ✓ नयाँ पेज खुल्छ उक्त पेजमा देखिएको नया दर्ता ट्याब क्लिक गर्ने,
- ✓ खुलेको नया दर्ता सम्बन्धी जानकारीमूलक पेज अध्ययन गरि tick मार्क लगाइ अगाडि बढ्ने,
- ✓ खुलेको पेजमा नागरिकताको अगाडी र पछाडीको भागको scan copy upload लगायतका माग गरे बमोजिमको आफ्नो सम्पूर्ण विवरण भरी submit गर्ने,
- ✓ प्राप्त भएको submission number screenshot वा आवेदन फारम प्रिन्ट गरि सक्कल नागरिकता र नागरिकताको १ प्रति फोटोकपि सहित आवेदन फारममा तोकिएको मितिमा biometric को लागि जिल्ला निर्वाचन कार्यालयमा उपस्थित हुने।

२०८२/०६/०९
जिल्ला निर्वाचन अधिकारी



फोन नं. ०७९-५२०३७६ : फ्याक्स नं. ०७९-५२०३७६ : E-Mail : deo.gulmi@election.gov.np